

FAITH
STUDY # 6
THE GREAT TRUTHS OF
THE BIBLE
"Thy word is truth" ...John 17:17


THE GREAT TRUTHS OF THE BIBLE
STUDY : # 6
FAITH

# बाइबलका गहिरा सत्यताहरु
# पाठ–६
# बिश्वास

***पुनश्च:कृपया यहाँ समावेश गरिएका सबै पदहरुको निम्ती आफ्नो बाइबललाई आधार बनाइ अध्ययन गर्नुहोला।यस पाठमा उल्लेखित प्राय बाइबलका पदहरु Authorized King James Version बाट उद्दृत गरिएका छन्।***


आज हामी बिश्वासको बारेमा अध्ययन गर्नेछौ।बिश्वास सबैले दिनहुँ कुनै न कुनै रूपमा अभ्यासमा ल्याउने पाटो हो।कसैको अर्को बिहानी सुर्य उदाउँछ भन्ने कुरामा बिश्वास हुदँछ।कसैको महिनासम्म काम गरेपछि तलब पाउँदछु भन्ने बिश्वास हुदँछ।कसैको बैंकमा जम्मा गरेको रकम सुरक्षित हुदँछ भन्ने कुराको बिश्वास हुदँछ।अनि धार्मिक प्रकाशको बिश्वास हुदँछ जो विविध छ,जस्तै:



- ->हिन्दू धर्मावलम्बीको बिभिन्न मुर्तीहरु,पुजा-अर्चना र रिति तिथीहरुमा बिश्वास हुदँछ।यिनिहरुले गाइ अति पबित्र जन्तु हो र यस्को पिसाब पनि पबित्र हुन्छ भन्ने बिश्वास राख्दछन्।


->मुस्लिम धर्मावलम्बीहरुले पानीमा एक खालको मिठो बासना आउने धूपको धुलो मिसाएर नुहाएमा दुष्ट आत्माबाट सुरक्षित भइन्छ भन्ने बिश्वास राख्दछन्।





->बुद्दिष्ट धर्मावलम्बीहरुको पुनर्जन्म र निरन्तर पटक-पटकको पुनर्जन्म पश्चात मात्र प्राणले मोक्ष प्राप्त गर्दछ भन्ने बिश्वास गर्दछन्,जुन मोक्ष प्राप्त गरेपछि पुनर्जन्म लिनुपर्दैन।

->पेन्टिकोस्टल ख्रिष्टियान धर्मावलम्बीहरुको ठुलो जमातमा अन्यभाषा र आशचर्यकर्म द्वारा पबित्र आत्माको नाउँ उचालिने पक्षमा बढी केन्द्रित र बिश्वास पनि राख्दछन्।तसर्थ, यि बिश्वमा हामिले देख्ने बिश्वासको विविध उदाहरणहरु



->दक्षिण भारतवासी रोमन क्याथोलिक धर्मावलम्बीहरुले "भेल्लाकानी" मण्डली गई फुलहरु,पबित्र पानी,धूपबत्ती आदी किनि मरियम मातालाई भक्ति चडाई प्रार्थना गर्दछन्,ताकि ति थोकहरुसाथ चढाइएको प्रार्थनाद्वारा तिनिहरुले आफ्नो प्रार्थना पक्का सुनुवाई हुदछ र आफ्नो समस्याहरु हल हुदँछ भन्ने बिश्वास राख्दछन्।



अब, हामी एउटा प्रश्नमा आऔ।->बिश्वासको खास अर्थ के हो त?यसलाई हामी कसरी परिभाषित गर्न सक्छौ त?यसको उत्तरलाई बाइबलबाट हिब्रु ११:१ मा हेरौ।

*"अब विस्वासचाहिं आशा गरिएका वस्तुहरुको निश्चयता र नदेखिएका कुराहरुको प्रमाण हो।"*

हो, बिश्वासचाँही नदेखिएका कुराहरुको गहिरो आस्था र दृढ विश्वास हो।उदाहरण:परमेश्वर र उहाँको अस्तित्वप्रति बिश्वास। यो बिश्वासलाई ३ प्रकारमा बिभाजन गर्न सकिन्छ।

१) उद्धारको बिश्वास:यो तत्कालको सतावट र मृत्युबाट मुक्ति पाउने बिश्वास हो।सबै धर्मको मुक्तिको योजना हुन्छ।बाइबलमा पनि उत्पत्ती ३:१६ मा मुक्तिको योजना लेखिएको छ।

*"त्यस स्त्रीलाई उहाँले भन्नुभयो, "म तिम्रो दु:ख र तिम्रो गर्भकाल ज्यादै बढाउनेछु; कष्टसँग तिमीले छोराछोरी जन्माउनेछ्यौ;अनी तिम्रो चाहना तिम्रो पतितर्फ हुनेछ, र उसले तिमीमाथि शासन चलाऊनेछ।"*

२) दैनिक बिश्वास:यो दैनिक खाँचो, सुरक्षा र मार्गदर्शनको लागी अभ्यास गरिने बिश्वास हो।बाइबलमा मत्ती ६:११ मा यसबारे लेखिएको छ।

*"आज हामीलाई हाम्रो दिनहुँको रोटी दिनुहोस्।"*

३) सिद्वान्तिक बिश्वास:यो शिक्षा र सिद्वान्तमा आधारित बिश्वास हो जुन विभिन्न धर्महरुमा फरक-फरक हुदछ र ख्रीष्टियान धर्ममा पनि विभिन्न सम्प्रदायहरुको फरक-फरक हुदँछ।यिनै ३ प्रकारका बिश्वास सबै मानिसले कुनै न कुनै रूपमा दिनहु अभ्यास गरिरहेका हुन्छन।अब, यसले हामिलाई अर्को र एकदमै फरक बिश्वासमा लिएर आउदछ।यो बाइबलमा यहुदा २० मा उल्लेख गरिएको छ।

*"तर प्रियमित्रहरुहो, तिमीहरु चाहिं आफ्नो अतिपवित्र विश्वाशमा आफ्नै उन्नती गर्दैगर, पवित्र आत्मामा प्रार्थना गर्ने गर।"*

हो, यसलाई 'अति पबित्र बिश्वास' भनिन्छ।यस्तो बिश्वासबारे पहिला तपाईंले कहिल्यै सुन्नुभएको थियो।'अति पबित्र बिश्वास' भन्नाले के हो त?दृढ हुँदै जानुको अर्थ के हो त?आउनुहोस्,यो बिश्वासबारे हामी फेरी यहुदा ३ बाट हेरौ।

*"प्रियहरु हो,जब मैंले तिमीहरुलाइहाम्रो साझा मुक्तिको बिषयमा लेख्नलाई हरप्रकारको प्रयत्न गरिरहेको थिए,तब पवित्र जनहरुलाई एकैचोटी सदाका निम्ती सुम्पिएको विस्वासका निम्ती तिमीहरुले यत्नपुर्बक संघर्ष गर्नुपर्छ भनी उत्साह दिँदै तिमीहरुलाई लेख्नु मलाई दरकार पर्‍यो।"*

हो, यो अति पबित्र बिश्वास पहिला सबै सन्तहरुलाई येशू ख्रीष्टद्वारा (परमेश्वरको पुत्र हुनुहुन्छ) प्रदान गरियो।यो बिश्वासलाई अझ राम्रोसँग बुझ्न र उहाको पुत्रले आफुसँग के ल्याउनुभयो भन्नेकुरा बुझ्नको लागी युहन्ना १:१७ लाई पढौ।

*"किनभने मोशाद्वारा व्यवस्था दिइएको थियो, तर अनुग्रह र सत्यताचहिं येशू ख्रीष्टद्वारा आए।"*

हो, यहाँ अति पवित्र बिश्वासलाई अनुग्रह र सत्यता भनेर बर्णन गरिएको छ।येशू ख्रीष्टद्वारा आएको अनुग्रह र सत्यताचाँही के हो त?यसको उत्तर हामी हिब्रु १:२ मा पढ्न पाउछौ।




*"उही परमेश्वर यि अन्तिम दिनहरुमा चाहिं हामीसँग आफ्नो पुत्रद्वारा बोल्नुभएको छ,जसलाई उहाँले सबै कुराहरुको हकवाला नियुक्त गर्नुभएको हो, जसद्वारा उहाँले संसारहरु पनि बनाउनुभयो।"*

हो, यो अनुग्रह र सत्यता चाँही परमेश्वरको बचनहरु हो।येशूले परमेश्वरको बचन बोल्नुभयो जसै हामी युहुन्ना ३:३४ मा प्रष्ट पढ्न पाउँछौ।

*"किनभने जसलाई परमेश्वरले पठाउनुभएको छ, उहाँ परमेश्वरको वचन बोल्नुहुन्छ;किनकी परमेश्वरले उहाँलाई आत्मा नापी-नापी दिनुहुन्न।"*

हो, यहाँ प्रष्ट छ कि येशूले परमेश्वरको बचनहरु बोल्नुभयो। अनि, बचन परमेश्वरकोहरुबारे हामीले के पढ्छौं त?यस सन्दर्भलाई हामी युहुन्ना १७:१७ मा पढ्न पाउछौ।



*"तपाईंको सत्यद्वारा तिनीहरूलाई पवित्र पार्नुहोस्;तपाईंको वचन सत्य हो।"*

हो, परमेश्वरको बचन सत्य हो र यि सत्यका बचनहरु येशूले आफ्ना चेलाहरुसँग बोल्नुभयो जसमाथि नै जुन बिश्वास बिकास हुन्छ,त्यही नै अति पवित्र बिश्वास हो।तसर्थ,अति पवित्र बिश्वास चाँही परमेश्वरको बचनको सत्यतामा (जुन बाइबलभरी नै लेखिएको छ) आधारित बिश्वास हो।

संसारमा कती जनाले यो सत्यतालाई खोजिरहेका छन् त?हाम्रै वरिपरी नै सत्यको बिषयमा थुप्रै दाबीहरु देख्न सक्छौ।






तर,हामीले परमेश्वरको बचनको मधुर आवाज सुन्दछौ जेले यो नै सत्य हो भन्दछ।के तपाईं यो बिश्वास गर्नुहुन्छ?के तपाईं बाइबल नै सत्य हो भन्नेकुरा बिश्वास गर्नुहुन्छ?आज,धेरै जनाको बाइबलमा पुर्ण आस्था र बिश्वास छैन।हामी थाहा गर्छौ ख्रीष्टियानहरुको ठुलो जमातलाई बाइबलमा रहेका पुस्तकहरुको नामको जानकारी छैन,बाइबल बुझ्ने कुरा त परको कुरा।

(एउटा उदाहरण लिऔ कि धेरैले बाइबलको पुस्तकहरु जस्तै एस्तर,एज्रा,तितस आदी पुस्तकहरुको नाम नै थाहा नहुने मात्र होईन कि यि पुस्तकहरु पुरानो करारमा छन कि नयाँ करारमा छन,त्यो पनि जानकारी छैन।)

->तर, हाम्रो लागी जोहरु बाइबल नै परमेश्वरले बोल्नुभएको बचनहरुहो भन्ने कुरामा दृढ बिश्वास राख्छौ, हामी हेरौ कि हिब्रु १:१,२ मा कि कसरी पर्मेश्वरले आफ्नो बचनहरु प्रकाशित पार्नुहुन्छ त?

*"जुन परमेश्वर प्राचिनकालमा हाम्रा पितापुर्खाहरुसँग विभिन्न समयमा र विभिन्न प्रकारले अगमवक्ताहरुद्वारा बोल्नुभयो, २ उही परमेश्वर यि अन्तिम दिनहरुमा चाहिं हामीसँग आफ्नो पुत्रद्वारा बोल्नुभएको छ, जसलाई उहाँले सबै कुराहरुको हकवाला नियुक्त गर्नुभएको हो, जसद्वारा उहाँले संसारहरु पनि बनाउनुभयो।"*

हो, यही तरिकाले नै परमेश्वरले आफ्नो बचनहरु प्रकाश पार्नुहुन्छ।यहाँ, यस पदमा प्रयोग भएको सार्केतिक भाषाको अर्थहरु हेरौ।

->अघीअघी-यसले पुरानो करारको अबधि र पुरानो करारको १६०० बर्षहरुको अबधिलाई चित्रण गर्दछ।

->धेरै र बिभिन्न किसिमले-यसले अगमबाणीहरु, चिन्हहरु, छायाँहरु अनि स्वर्गदूत र अगमवक्ताको मुखारबिन्दुबाट निस्किएका शब्दहरुलाई चित्रण गर्दछ।

->आखिरी दिनहरुमा–यसले यहुदी युगको अन्तका दिनहरुको नयाँ करारको १०० बर्षको अबधिलाई दर्शाउदछ।

->आफ्नो पुत्रद्वारा-यसले येशूको बचनहरु जो १२ जना प्रेरितहरुलाई प्रकाश पारियो र तिनिहरुद्वारा नै लिखोट गरियो भन्ने तथ्यलाई दर्शाउदछ।तसर्थ,पर्मेश्वरको बचनहरु दुई खण्डमा बिभाजन गरिएको छ।

पुरानो करार–३९ पुस्तकहरु
नयाँ करार – २७ पुस्तकहरु

---

जम्मा पुस्तकहरु->६६ पुस्तकहरु

तसर्थ, यिनै ६६ वटा पुस्तकहरुमा पर्मेश्वरको बचनको सत्यता प्रकाश पारिएको छ।यो ६६ वटा पुस्तकहरु नै परमेश्वरको पूर्ण प्रकाश हो।यो उत्पत्तिबाट शुरु भएर प्रकाशको पुस्तकमा अन्त्य हुदँछ।र यसलाई प्रकाश २२:१८,१९ मा अझ पक्का गरिएको छ।

*"किनकी यस पुस्तकको अगमवाणिका वचनहरु सुन्ने हरेक मानिसलाई म गवाही दिन्छु; कुनै मानिसले यी कुराहरुमा थप्यो भने परमेश्वरले यस पुस्तकमा लेखिएका महामारीहरु त्यसमाथि थप्नु हुनेछ;१९ अनि कुनै मानिसले यस अगमवाणीका पुस्तकका वचनहरुबाट निकाल्यो भने परमेश्वरले जीवनको पुस्तकबाट,त्यस पवित्र शहरबाट र यस पुस्तकमा लेखिएका कुराहरुबाट त्यसको भाग निकालिदिनुहुनेछ।"*

यो परमेश्वरको प्रष्ट निषेधाज्ञा हो कि परमेश्वरको बचनमा नथप्न र नघटाउन भनि यो पदमा लेखिएको छ।

->बाइबलमा यि ६६ वटा पुस्तकहरु बाहेक अरु पुस्तकहरु छैनन् जसै कुनै ख्रीष्टियानहरुले दाबी गर्दछन।यस सन्दर्भलाई हामी दुरुस्तै ब्यबस्था १२:३२ मा पढ्न पाउछौं।



*"म तिमीहरुलाई जे आज्ञा गर्दछु,त्यो तिमीहरुले होसियारका साथ पालना गर!तिमिले त्यसमा केही नथप्नु,न ता त्यसबाट केही घटाऊनु!"*


हो, परमेश्वरको बचनमा घटबढ नगर्ने अर्को प्रष्ट चेतावनी।अर्को पद हितोपदेश ३०:६ मा पनि हामी यो सन्दर्भलाई पाउदछौ।

*"उहाँका वचनहरुमा केही नथप, नत्र उहाँले तिमिलाई हप्काउनुहुन्छ र तिमी झुटा ठहरिनेछौ।"*

यो परमेश्वरको बचनमा थप्नेहरुको लागी उहाँबाटको कडा चेतावनी हो।यहाँ एकदमै छरलङ्ग कि परमेश्वर आफ्नो बचनमा थपघट गर्ने सम्बन्धमा र उहाँको बचनको शुद्धता र परिशुद्धता कायम राख्ने सम्बन्धमा उहा अधिक मात्रामा कडा हुनुहुन्छ।तसर्थ,प्रेरित पावलको भनाईहरु हामी प्रेरित २०:२७ मा पढ्न पाउछौं।

*"किनभने परमेश्वरको सारा मनसाय तपाईंहरुलाई बताउन देखी म पछी हटिन।"*

तसर्थ, प्रेरित पावलले यहाँ परमेश्वरको समस्त अभिप्राय बताउने कुरा गरेका छन्।हो,परमेश्वरको बचन छनौट गरेर मानिसलाई खुशी तुल्याउनुभन्दा पनि परमेश्वरलाई कसरी खुशी पार्ने भन्ने बिषयमा बढी होशियारी हुनुपर्दछ।तसर्थ, परमेश्वरको यि कडा आज्ञाहरु देखीसकेपछी,हामीलाई एउटा प्रश्न आउन सक्छ-"कि जुन बाइबल आज हामीसँग छ,के त्यो थपघट नगरिएको बाइबल हो त?"यसको उत्तर स्तब्ध पार्ने "छैन" नै हो। NIV अनुबादमा दुईवटा बचनका खण्डहरु छन् जुन आज "पछी थपिएको हो" भन्ने साबित भईसकेको छ।आजको प्रकाशित बाइबल जुन हामीसंग छ, त्यो पाण्डुलिपिहरुबाट अनुबाद गरिएको हो।



पाण्डुलिपीहरु के हुन त ? छापाखानाको प्रबिधीहरु आबिष्कार हुनुभन्दा पहिला बाइबल गाईको र बाख्राको छालाहरुमा लेखिन्थ्यो। यसलाई स्क्रोलहरू भनिन्थ्यो र यसको लगातार प्रयोगको कारणले त्यहाँ लेखिएको बाक्यहरु ५०–६० बर्षपछि मेटिएर जान्थ्यो।अनि, फेरी पुरै बाइबललाई नयाँ छाला वा स्क्रोलमा लेखिनु पर्दथ्यो।हेर्नुहोस् त कती परिश्रम



बस्,कल्पना गर्नुहोस्।तसर्थ,१४०० बर्षको अन्तरालमा बाइबललाई थुप्रै पटक लेख्ने र पुनर्लेखनको काम भयो।यिनै हस्तलिखित दस्ताबेज/प्रतिहरुलाई पान्डुलिपीहरु भनिन्छ र यसलाई छोटकरीमा MSS लेखिन्छ।उदाहरण: सिरियक MSS,भेटीकन MSS,आदी।





अनि तत्कालको King James Version (KJV) को बाइबल ई.स. १६११ मा १६औ शताब्दीमा फेलापरेको पान्डुलिपीबाट अनुबाद गरिएको हो।

->अनि सन् १९४० नेर मृतसागरको नजिकै कुम्रान गुफाभित्र (जुन नुनहरुले भरिएको छ), २ वा ३औ शताब्दी ताकाको पान्डुलिपी स्क्रोल्सहरु भेटियो।



ति पान्डुलिपी स्क्रोल्सहरु १५०० बर्षभन्दा बढी समयहरुसम्म अचम्म प्रकारले नुनभित्र सुरक्षित रहेको थियो।अनि यिनै स्क्रोल्सहरुमा आधारित रहेर अनुबाद गरिएको बाइबलको संस्करण नै NIV हो।

अनि यसै बाइबलमा नै पछि आएर थुप्रै बचनका खण्डहरु र पदहरु थपिएको (जसलाई Interpolations भनिन्छ), भन्ने तथ्यको पत्ता लाग्यो।।दुईवटा ठुला बचनका खण्डहरु जुन पछि थपिएका छन्, तिनीहरु

१) मर्कुस १६:९–२० र

२) युहुन्ना ७:५३-८:११ हो।

NIV संस्करणको बाइबलको यि पदहरुको फुटनोटहरूले नै यस तथ्यलाई प्रमाणित गर्दछ।देख्नुभयो?के यो कुरा तपाईंलाई अचम्मलाग्दो भयो?तर,यसै कारणले नै कोही पनि बाइबल


अध्ययन गर्दाखेरी बिभिन्न भाषानुवादहरुलाई तुलना गरी होशियारी साथ पढ्नुपर्छ।तल्लिन बाइबल अध्ययन गर्नेहरुको लागी दुईवटा अत्यावश्यक बाइबल संस्करणहरु निम्न छन्।

१) King James Version (सबैभन्दा पुरानो अनुबाद)
२) New International Version (तत्कालिन अनुबाद)




परमेश्वरको बचनको सही बुझाई आबश्यक छ किनभने यिनै परमेश्वरको बचनहरु र प्रकाशहरुमा आधारित बिश्वास नै अति पबित्र बिश्वास हो।प्राचिन मण्डलीहरुको लागी जे तिनिहरुले बिश्वास गर्दथे, ति बचनमा लेखिएको भेट्टाईनुपर्ने हुन्थ्यो।यसै कारणले नै बेरियाका बेरियन मण्डलीहरुको बारेमा हामी प्रेरित १७:११ मा पढ्न पाउछौ।

*"यीनिहरुचाहिँ ती थेस्सलोनिकामा हुनेहरुभन्दा उत्तम रहेछन्;किनकी यीनिहरुले मनको पुरा तयारीका साथ वचन ग्रहण गरे,र यी कुराहरु यस्तै हुन् कि होईनन् भनी दिनहुँ पवित्रशास्त्रहरुमा खोजी गर्दथे।"*



हो,बेरियनहरुले जुन बचनहरु सुन्ने गर्दथे ति बाइबलमा छन् कि छैनन् भनेर खोज्ने र पक्का गर्ने गर्दथे।प्रेरित पावलले पनि त्यसै गर्दथे।पावलले बेरियनहरुलाई धेरै महान् भन्ने गर्दथे।हामी पनि ति नै बेरियनहरु जस्तो हुनुपर्छ यदी हामीसँग अति पबित्र बिश्वास र परमेश्वरलाई खुशी पार्ने मनसाय छ भने।हामीसँग कस्तो प्रकारको बिश्वास छ त?के त्यो केबल बिश्वासमात्र हो कि अति पबित्र बिश्वास ? के यो प्रश्नको उत्तर साच्चै नै महत्वपूर्ण छ त?

हो,छ।किनभने,परमेश्वरको बचनको बारेमा हामी पढ्छौ कि "तपाईंको बचन सत्य हो"।अनि बचनमा आधारित नभएको बिश्वासचाँही असत्य हो र त्यो परमेश्वरबाटको होईन।जसै हामी १ तिमोथी ४:१ मा पढ्न पाउछौ।

*"अब आत्माले स्पष्ट गरी भन्नुहुन्छ:पछी आउने समयहरुमा कोहो-कोही बहकाउने आत्माहरुमा र दुष्ट आत्माहरुका शिक्षाहरुमा ध्यानदिएर विश्वासबाट भड्किएर जानेछन्।"*

हो, जुन बिश्वास बाइबलको बचनमा आधारित छैन्, त्यो दुष्टबाटको हो जसै हामी युहुन्ना ८:४४ मा पढ्न पाउछौ।

*"तिमीहरु आफ्न बुवा शैतानबाटका हौ, र आफ्नै बुवाका कुइच्छाहरु पुरा गर्न चाहन्छौ। त्यो शुरुदेखिनै हत्यारा थियो, र सत्यमा रहेन; किनकी त्यसमा सत्य छँदैछैन।जब त्यसले झुट बोल्छ;किनकी त्यो झुटो हो, र झुटको बुवा हो।"*

यसैकारण के हामीले बिश्वासहरु कस्ता छन् भन्ने कुराको निरिक्षण गर्न अत्यावश्यक छ त?के हामीसँग अति पबित्र बिश्वास छ कि केबल फिक्का बिश्वास मात्र?हामी के मा बिश्वास गर्छौं त?

१)मानब प्राण र यस सम्बन्धी सिद्दान्तहरु:के प्राण अजम्बरी छ त?के यो मर्न सक्छ?प्राण साच्चै के हो त?के अरु सबै धर्महरुमा सिकाइने प्राण सम्बन्धी शिक्षा बाइबलमा पनि त्यस्तै छ त?
२) नर्क भनेको के हो?के हिन्दूहरुको यमलोक र बाइबलको नर्क उस्तै छ त?के तपाईं नर्कमा मर्नु सक्नुहुन्छ?नर्क सम्बन्धी तथ्य र सत्य के हो त?









३)त्रिदेब र ३ जना परमेश्वर एउटै हुनु को रहस्य->यसलाई कसरी बुझिन्छ त?के परमेश्वर दिब्य रहस्य हुनुहुन्छ त?परमेश्वरबारे कसैले कहिल्यै बुझ्न सक्दैन त?

४) ख्रीष्ट बिरोधी र ६६६->ख्रीष्ट बिरोधीहरु को हुन् त?के त्यो एउटा ब्यक्ति हो त?

५) बाइबल कालक्रम र आदमको सृष्टिदेखी आजको दिनसम्मको समयहरु यस पृथ्वीमा कति बर्षहरुको छ त?के त्यो बिद्वानहरुले सिकाए जस्तै मिलियन बर्षहरु नै छन् त?

६)शत्रु,दुश्मन,शैतान: के त्यो कुरूप छ?के त्यो पनि अजम्बरी छ त?के शैतान मर्न सक्छ त?त्यस्को शक्ति कस्तो छ त?

७)हाम्रो प्रभु येशूको दोश्रो आगमन?के कसैलाई येशू ख्रीष्ट फेरी कहिल्यै आउनुहुन्छ भन्ने थाहा छ त?

८)मण्डली र यसका असंख्य सम्प्रदायहरु: यो कसरी सम्भवछ त? के सबै ख्रीष्टियान जनहरु येशू ख्रीष्टको मण्डलीहरु हुन त? त्यसो हो भने, हामी किन एकता देख्दैनौ त जसै हामी एफिसी ४:३-६ मा पढ्छौ–एउटै शरिर, एउटै बप्तिस्मा,एउटै बोलावटको आशा?

९)परमेश्वरको राज्य भनेको के हो र यसको अर्थ के हो त?के यो यथार्थ हो त?के पृथ्वीमा नै स्थापित हुने छ त?वा,स्वर्गमा मात्रै हुनेछ त?र यस्तै धैरै-धैरै बिषयहरु।









->के यि सबै बिषय सन्दर्भहरुप्रतिको हाम्रो सिद्दान्त,धारणा र बिश्वास परमेश्वरको बचन अनुसार छ त?यदि छ भन्नुहुन्छ भने के तपाईं यस उत्तरमा पक्का हुनुहुन्छ त?हामी एकदमै पक्का हुनुपर्छ कि हाम्रो बिश्वास केबल साधारण बिश्वास छ कि अति पबित्र बिश्वास छ त?(हामिले यस बिषयहरुको सत्यताहरुलाई र सिद्दान्तहरुलाई आउदो पाठहरुमा निरिक्षिण र परिक्षण गर्नेछौ।)



अब, हामी यो अति पबित्र बिश्वासको बारेमा अझ बढी फेरी यहुदा २० मा हेरौ।


*"तर प्रिय मित्रहरु हो,तिमीहरु चाहिं आफ्नो अति पवित्र विश्वाशमा आफ्नै उन्नती गर्दै गर,पवित्र आत्मामा प्रार्थना गर्ने गर।"*

यसले परमेश्वरको बचनको ज्ञान र यसप्रतिको बिश्वास र आस्थाको क्रमिक र स्थिर बिकासक्रमलाई दर्शाउदछ।हो,बाइबल अध्ययन र परमेश्वरको बचनको ज्ञानप्राप्ती क्रमिक र निरन्तर प्रकृया हो।यो नै अति पबित्र बिश्वासमा दृढ हुँदै जानु हो।अनि परमेश्वरबाटको प्रतिज्ञा पनि छ जसै हामी युहन्ना ८:३२ मा पढ्न पाउछौ।

*“अनि तिमीहरुले सत्यता जान्नेछौ, र सत्यताले तिमीहरुलाई स्वतन्त्र गराउनेछ।”*

हो, परमेश्वरको बचनको सत्यताले नै कसैलाई यत्रतत्र भएको र रही आएको त्रुटीहरु, अन्धबिश्वासहरु र झुटाशिक्षाहरु (सिद्दान्त) (जेले मानिसहरुलाई छली पासोमा फसाउन खोजी बस्छ)बाट स्वतन्त्र तुल्याउदँछ।

किनकी, परमेश्वरको बचन,यसको ज्ञान र आशिषहरुको बारेमा हामिले २ तिमोथी ३:१६,१७ मा पढ्न पाउछौ।



*“सबै पवित्रशास्त्र परमेस्वरको प्रेरणाद्वरा दिइएको हो, अनि शिक्षाको निम्ती,भुलदोष देखाउनको निम्ती, सुधारका निम्ती,धार्मिकताको सम्बन्धमा तालिमका निम्ती लाभदाएक हुन्छ;१७जसद्वारा परमेश्वरको जन हरेक असल कामक ा निम्ती पूर्ण रुपले सुसज्जित भई सिद्द भएको हुन्छ।”*

हो, बचनको अध्ययन र ज्ञान निम्न पक्षहरुमा उपयोगी हुन्छन।

->सिकाउनलाई–सबै बिषयहरु बारे को शिक्षाको सत्यता बाइबलले नै सिकाउदँछ।
->अर्ती दिनलाई–गलत बिश्वासहरुमाथी प्रकाश देखाउन अनि शिक्षा र सिद्दान्तहरु सम्बन्धी त्रुटीहरु पहिल्याउन
->सच्चाउन–सत्यता अनुसारको सत्य शिक्षा र सिद्दान्तलाई प्रष्ट देखाउन
->धार्मिकतामा तालिम दिनलाई–जिबन र जियाईका सबै पक्षहरुमा परमेश्वरबाट स्वीकृत गरिएको जिबनको मार्गको सल्लाहकार।

यि सबै कुरा बुझीसकेपछि कोही दङ्ग पर्न सक्छन् कि, किन आज प्राय खृष्टियानहरु बाइबलको ज्ञान र अति पबित्र बिश्वासमा धेरै कमजोर छन् त?यसको उत्तर  हामी अर्को पाठमा, जब हामी बिश्वासको अध्ययनको दोश्रो भागमा पस्नेछौ।अन्त्यमा,एउटा प्रश्न? कुन चाँही बढी महत्वपूर्ण छ त,बाइबल अध्ययन वा प्रार्थना ?आउनुहोस्,यसको उत्तर हामी यहुदा २० मा नै हेरौ।

*"तर प्रिय मित्रहरु हो, तिमीहरु चाहिं आफ्नो अति पवित्र विश्वाशमा आफ्नै उन्नती गर्दै गर,पवित्र आत्मामा प्रार्थना गर्ने गर।"*

देख्नुभयो? हेर्नुहोस् त।पहिलो प्राथमिकता र महत्व बाइबल अध्ययनद्वारा बाइबलको ज्ञानमा बृद्धि र अनि त्यसपछि मात्र प्रार्थनालाई राखिएको छ।त्यसो हो भने,बाइबलमै उल्लेख भएको यो साचो क्रम किन आजकाल उल्टिएको छ त?कि खृष्टियानहरुले बाइबल अध्ययनलाई आजको दिनहरुमा

त्यति महत्व दिदैनन त?हामीले यसको उत्तरहरु पनि आउदो पाठमा बाइबलमै उल्लेख भएको बचनहरुको आधारमा हेर्नेछौ।



**"आमेन"**